नि.प्र.का. सप्तरी द.नं. १२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३१ | अंक २१८ | २०७८ साल चैत १७ गते बिहीबार (31 Mar. 2022 Thursday) | मूल्य रु. ५/-

गर्मी मौसममा,

- झाडापखाला, वान्ता, आउँ, जण्डिस, टाईफाइडजस्ता रोगको जोखिम बढि हुन्छ ।
- लामखुट्टे, झिंगा, भुसुना आदीवाट रोग सर्न सक्दछ ।

त्यसैले, व्यक्तिगत सरसफाई र जनस्वास्थ्यका मापदण्ड पालना गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : प्रभावकारी बनेन सुरक्षित... ३ पृष्ठमा : पत्रकार महासंघ ६७ औं ... ३ पृष्ठमा : भारतमा ढलको लाइनमा ...

## पत्रकार महासंघको स्थापना दिवसमा प्रभातफेरी र रक्तदान




**दैनिक समाचारदाता**
**राजविराज, १६ चैत ।**

नेपाल पत्रकार महासंघको ६७औं स्थापना दिवसको अवसरमा शाखा सप्तरीले प्रभातफेरी तथा रक्तदान कार्यक्रमको आयोजना गरेको छ।

बुधवार राजविराजमा जिल्लाभरका पत्रकारको सहभागीतामा प्रभातफेरी गरिएको हो । शाखाको प्राङ्गणबाट शूरु भएको ¥याली नगरक्षेत्र परिक्रमा गरेको थियो ।



प्रभातफेरी पश्चात गजेन्द्रनारायण सिह अस्पताल परिसरमा रहेको रेडक्रस सोसाईटी शाखाद्वारा संचालित रक्त संचारसेवा केन्द्रमा रक्तदान कार्यक्रमको आयोजना समेत गरिएको थियो ।

रक्तदान कार्यक्रममा जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक अविनारायण काफ्ले, सशस्त्र प्रहरी निरीक्षक किसमान तामाङ, महासंघका जिल्ला अध्यक्ष श्रवण देव, पत्रकारहरु रक्षा चौधरी, ओमप्रकाश साह, हेमशंकर सिंह, रामनारायण यादव, शैलेशकुमार कर्ण, सशस्त्र प्रहरी सजित श्रेष्ठ, रबिन राई, कुबेर बोहरा, कमलप्रसाद गौतम, उद्धवप्रसाद चौलागाई, प्रेस युनियनका रामानन्द देव, दीपेशदेव जोशी, रवीन्द्र साह लगायत १६ जनाले रक्तदान गरेका थिए ।

रगतको अभावमा कुनै पनि व्यक्तीको मृत्यु नहोस भन्ने उद्देश्यका साथ स्थापना दिवस रक्तदान कार्यक्रमको आयोजना गरी मनाइएको महासंघका अध्यक्ष देवको भनाई छ ।

## चोरी मुद्दामा कैद र जरिवाना फैसला भई फरार अभियुक्त पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, १६ चैत ।**

चोरी मुद्दामा अदालतबाट कैद भुक्तान र जरिबाना समेत तोकिसकेका एक फरार अभियुक्तलाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा राजविराज वडा नं. ६ निवासी १९ वर्षिय राजेन्द्र कुमार सिंह छन् । प्रहरीले उनलाई घरमै लुकिछिप बसेको अवस्थामा मंगलबार पक्राउ गरेको जनाएको छ ।

प्रहरीका अनुसार स्थानिय मनोज कुमार यादबको जाहेरीले चोरी मुद्दामा फरार रहेका सिंहलाई सप्तरी जिल्ला अदालतले २०७६ माघ ९ गते एक महिना १५ दिन कैद र पाँच हजार जरिबाना फैसला गरेको थियो । तर, सो फैसला लगत्तै उनी फरार भएका थिए ।

फरार रहेको सिंहलाई पक्राउ गरी मंगलबारै सप्तरी जिल्ला अदालतमा उपस्थित गराई कैद भुक्तानको लागी राजविराज कारागार चलान गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

## गणपूरक संख्या नपुगेपछि प्रदेशसभाको बैठक स्थगित

जनकपुर, १६ चैत (रासस) ।

मधेस प्रदेशसभाको बुधबारको बैठक स्थगित भएको छ । बैठकमा आवश्यक गणपूरक सङ्ख्यामा प्रदेशसभा सदस्य उपस्थित नभएपछि सभामुख सरोजकुमार यादवले बैठक बिहीबार बिहान ११ बजेसम्मका लागि स्थगित गर्नुभएको हो ।

बैठकको सुरुमै प्रतिपक्षी दलका प्रदेशसभाका सदस्यले बैठकका लागि आवश्यक गणपूरक सङ्ख्या उपस्थित नरहेकाले बैठक स्थगित गर्न माग गरेका थिए । बैठकको सुरुमै बोल्दै लोकतान्त्रिक समाजवादी पार्टीका प्रदेशसभा सदस्य तथा सचेतक परमेश्वर साहले बैठकका लागि चाहिने आवश्यक गणपूरक सङ्ख्या उपस्थित नरहेकाले बैठक स्थगित गर्नुपर्ने बताउनुभयो ।

बुधबारको प्रदेशसभा बैठकमा प्रदेशप्रमुख कार्यालयबाट प्राप्त विधेयक प्रमाणीकरणसम्बन्धी पत्र वाचन गर्ने, प्रदेश सरकारका आन्तरिक मामिला तथा सञ्चारमन्त्री भरतप्रसाद साहद्वारा प्रस्तुत प्रदेश प्रहरी ऐन कार्यान्वयनसम्बन्धी सङ्कल्प प्रस्तावमाथि समेत छलफल हुने कार्यसूची थियो ।

यस्तै बुधबारको बैठकमा प्रदेश सरकारका उद्योग, पर्यटन तथा वनमन्त्री सत्रुधन महतोले प्रदेश पर्यटन प्रवर्द्धन तथा व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रस्तुत गर्ने कार्यसूची रहेको प्रदेशसभा सचिवालयका सचिव रन्जितकुमार यादवले जानकारी दिनुभयो ।

## स्थानीय तह चुनावमा ठेकेदारहरूलाई उम्मेदवार हुन “स्वघोषणा” गर्नुपर्छ

**दैनिक समाचारदाता**
**काठमाडौं, १६ चैत ।**

निर्वाचन आयोगले स्थानीय तह चुनावमा ठेक्कापट्टामा संलग्न नरहेको उम्मेदवारले स्वघोषणा गर्नुपर्ने भनेको छ ।

आयोगले बुधबार विज्ञप्ति जारी गर्दै स्थानीय तहको निर्वाचनमा ठेक्कापट्टा वा चलअचल सम्पत्तिसम्बन्धी व्यवहारमा संलग्न नभएको उम्मेदवारले स्वघोषणा गर्नुपर्ने जनाएको छ । उम्मेदवारले मनोनयन दर्ता गर्नुअघि लिखित स्वघोषणा पत्र पनि पेश गर्नुपर्ने आयोगले बताएको छ ।

‘आयोगले संविधान तथा निर्वाचनसम्बन्धी प्रचलित कानुनी व्यवस्थासमेतको आधारमा स्थानीय तह निर्वाचनमा उम्मेदवार हुने प्रचलित कानुनबमोजिम योग्यता पुगेको कुनै पनि व्यक्तिले मनोनयन दर्ता गर्द स्वघोषणा गर्नुपर्ने र आफूले गरेको स्वघोषणाप्रति उम्मेदवार स्वयम जिम्मेवार हुनुपर्ने नयाँ व्यवस्था गरेको छ,’ आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले जारी गरेको विज्ञप्तिमा भनिएको छ, ‘उम्मेदवारको मनोनयनपत्र साथ पेश गर्नुपर्ने स्वघोषणा पत्रमा विभिन्न बुँदा समेट्नुपर्नेछ ।’

नेपालको संविधानप्रति निष्ठावान् रहेको, २१ वर्ष पूरा भएको नेपाली नागरिक, गाउँ वा नगरमा मतदाता नामावलीमा नाम भएकोलगायत स्वघोषणा गर्नुपर्नेछ । साथै सरकारी संस्थामा बाहल नरहेको, प्रतिनिधि सभा र प्रदेश सभाको समानुपातिक निर्वाचन प्रणालीमा नाम नरहेको पनि स्वघोषणा गर्नुपर्ने आयोगको भनाइ छ ।

जनज्योती कृषि सहकारी संस्था लि. स्था.-२०६८ मलेठ, सप्तरी

**जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?**

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **“बचत गरौं समृद्ध वनौं”**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२, www.janajyoticoop.com.np**

## सम्पादकीय ....

# स्वच्छ र इमान्दार नेता कार्यकर्तालाई मौका दिऔं

स्थानिय तहको निर्वाचन नजिकिदै जाँदा विभिन्न दलहरुबाट उम्मेदवारका आकांक्षी बढ्दै गइरहेका छन् । प्रमुख, उपप्रमुख तथा वडा अध्यक्षका उम्मेदवारहरुको आकांक्षी बढ्दै गएका हुन् । लामो समयदेखी राजनीति गरिरहेकाहरु भन्दा पनि नवप्रवेशी तथा पहुँचवालाहरुले पार्टीबाट उम्मेदवार बन्ने आकांक्षा व्यक्त गरेका छन् । जसरी पनि पार्टीबाट टिकट पाउने दाउमा उनीहरु पार्टी भित्रै विभिन्न नेताहरुलाई दबाब समेत दिँदै आएका छन् । जसकारण पार्टीमा रहेर जिवन व्यतित गरेका सरल स्वभावका नेताहरु उनीहरुको चेपुवामा परेका छन् ।

यसरी अहिले राजनीतिक दलहरु दल भन्दा पनि बढी व्यापारीकरणतर्फ उन्मुख हुँदैछन् । निर्वाचन क्षेत्रमा पकड तथा मतदाताको पहुँचमा रहेका नेताहरुलाई अवमुल्यण गरि अन्यलाई उम्मेदवार बनाउने परिपाटीले जडो गाड्दै गएको छ । सरल स्वभाव, जनताको दुःख बुझ्ने, उनीहरुको समस्या समाधान गर्नेतर्फ अग्रसरता देखाउने जस्ता व्यक्तिलाई पछाडी हटाएर उम्मेदवार बनाउनेतर्फ पार्टीले एक पटक सोच्नै पर्ने अवस्था हुन्छ । कीन भने पार्टीप्रति वफादार र लगनशिल व्यक्तिलाई अवमुल्यण गर्न भनेको उसको राजनीतिक अस्तित्व समाप्त हुनु हो ।

तसर्थ आउँदो बैशाख ३० गते हुने स्थानिय निर्वाचन का लागि स्वच्छ, इमान्दार र जनतामाझ दिनरात खट्ने नेता कार्यकर्ताहरुलाई सम्पूर्ण पार्टीले जनता सेवा गर्ने मौका दिनु आवश्यक छ । अनिमात्र कुनै पनि दलप्रति उसको नेता कार्यकर्ताहरुले अझ अटल र विश्वासका काम गर्न अग्रसरता देखाउने कुरामा दुईमत नहोला ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. सरोज कुमार साह

Dr. Saroj Kumar Sah

MBBS, MS Orthopaedics (BPKIHS) Dharan

Fellowship in Hand Surgery (CMC Vellore)

NMC Reg. No. : 13288

हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव

Dr. Jayanti Yadav

M.B.B.S. MD (Obstetrician and Gynaecologist)

हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज

NMC No. : 15312

बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569


# प्रभावकारी बनेन सुरक्षित गर्भपतन सेवासम्बन्धी कानुन

**विष्णु नेपाल**

काठमाडौं, १६ चैत (रासस) ।

सुरक्षित गर्भपतन सेवालाई कानुनले स्पष्टरुपमा महिलाको स्वास्थ्य अधिकारका रुपमा व्याख्या गरे पनि सो सेवालाई अझै प्रभावकारी बनाउन सकिएको छैन ।

कानुनी प्रावधान कार्यान्वयन नहुँदा असुरक्षित गर्भपतनको क्रममा थुप्रै महिलाको स्वास्थ्य जोखिममा परेको छ । कतिपय अवस्थामा महिलाको ज्यानैसमेत जाने गरेको छ । असुरक्षित गर्भपतनका कारण कति महिलाले अकालमा ज्यान गुमाउँछन् भन्ने सरकारसँग आधिकारिक तथ्याङ्क छैन ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, परिवार कल्याण महाशाखाद्वारा हालै जारी सुरक्षित गर्भपतन सेवा कार्यक्रम व्यवस्थापन निर्देशिका, २०७८ ले सुरक्षित गर्भपतन सेवा सञ्चालनको अनुमति दिने अधिकार स्थानीय तहलाई दिएको छ । अझै अधिकांश स्थानीय तहले सो सेवा प्रदान गर्न सकिरहेका छैनन् । आफूहरूसँग पर्याप्त नर्स र चिकित्सक रहे पनि उनीहरूलाई तालिम दिन नसक्दा सेवा सञ्चालन गर्न नसकेको चन्द्रागिरि नगरपालिकाले जनाएको छ ।

नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख राममणि घिमिरेले भन्नुभयो, "कानुनले हामीलाई अधिकार दिएको छ । तालिम प्राप्त जनशक्तिको अभावले चाहेर पनि सेवा दिन सकेका छैनौं ।" कानुन मात्र बनाउँदैमा सेवा प्रभावकारी नहुने उहाँको भनाइ छ । "सङ्घ, प्रदेश र स्थानीय तहबीच समन्वय भए मात्र सेवा प्रभावकारी बनाउन सकिन्छ", घिमिरेले भन्नुभयो ।

तारकेश्वर नगरपालिकाले सुरक्षित गर्भपतन सेवा अझै सञ्चालनमा ल्याउन नसकेको छैन । नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख विनोदकुमार साहले भन्नुभयो, "कोरोना महामारी व्यवस्थापनमा ध्यान केन्द्रित हुँदा जनस्वास्थ्यका अन्य समस्या सम्बोधन गर्न ढिलाइ भएको हो ।" सुरक्षित गर्भपतन सेवालाई प्रभावकारी बनाउन पर्याप्त कानुन बनाउनेमा नेपाल अग्रणी मुलुकमा पर्छ । नेपालमा मातृ मृत्युदर घटाउनुका साथै महिलाको प्रजनन स्वास्थ्य अधिकारलाई सुनिश्चित गर्न सरकारले २०५९ सालदेखि सुरक्षित गर्भपतनलाई कानुनी मान्यता दिएको थियो । यसैलाई कार्यान्वयन गर्नका लागि मन्त्रालयले सुरक्षित गर्भपतन सम्बन्धी राष्ट्रिय नीति, २०६० बनाई लागुसमेत गरेको छ ।

विसं २०७२ को संविधानको धारा ३८ को उपधारा २ ले महिलालाई सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्यको हक प्रदान गरेको छ । संविधान प्रदत्त महिलाको सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्यसम्बन्धी हकको सम्मान र संरक्षण गर्न सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ र नियमावली, २०७७ जारी गरेको छ । यसले सुरक्षित गर्भपतन सेवालाई महिलाको अधिकारका रुपमा स्थापित गर्न मद्दत गरेको छ । यो सेवा सबै महिलाको पहुँचमा ल्याउने दायित्व सङ्घ, प्रदेश र स्थानीय तहका सरकारको हो ।

महिला विकास तथा कानुन मञ्चमा आबद्ध अधिवक्ता सबिन श्रेष्ठ ऐन नियमावली कार्यान्वयनको पक्ष फितलो भएकाले समस्या भएको बताउनुहुन्छ । सुरक्षित गर्भपतन सेवालाई प्रभावकारी बनाउन सहयोग पुग्ने गरी प्रजनन स्वास्थ्य अधिकार सम्बन्धि ऐन ल्याउने मुलुकमा नेपालसहित फिलिपिन्स, युगान्डालगायत मुलुक मात्रै छन् ।

राष्ट्रिय मानवअधिकार आयोगकी सदस्य लिली थापाले महिला स्वास्थ्यलगायतका क्षेत्रमा नेपालले विगतका वर्षको तुलनामा निकै प्रगति गर्दैआएको दाबि गर्नुभयो । नागरीक समाज, सञ्चारमाध्यमलगायत क्षेत्रबाट पर्याप्त दबाव दिन सके अहिलेको अवस्थामा सुधार गर्न सकिने उहाँले बताउनुभयो ।

स्वास्थ्य सेवा विभागअन्तर्गत परिवार कल्याण महाशाखाका अनुसार नेपालमा गत आर्थिक वर्ष ९५ हजार महिलाले गर्भपतन गराएका थिए । तीमध्ये ५७ प्रतिशत महिलाले असुरक्षित गर्भपतन गराएको तथ्याङ्क छ । महाशाखाका वरिष्ठ जनस्वास्थ्य अधिकृत निशा जोशीले सुरक्षित गर्भपतनलाई कानुनी मान्यता दिएपछि असुरक्षित रुपमा गरीने गर्भपतनमा केही कमी आएको जानकारी दिनुभयो ।

सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकारसम्बन्धी ऐन, २०७५ को भाग ४ को दफा १५ ले गर्भवतीको अवस्था अनुसार १२ हप्तादेखि २८ हप्तासम्मको गर्भपतन गराउन सकिन्छ । गर्भवतीको मन्जुरीमा १२ हप्तासम्म जस्तो प्रकारको गर्भ पनि पतन गराउन सकिन्छ । गर्भपतन नगराएमा ज्यानमा खतरा पुग्न सक्छ वा निजको शारीरिक वा मानसिक स्वास्थ्य खराब हुन सक्छ भनी इजाजत प्राप्त चिकित्सकको राय भई त्यस्ता महिलाको मन्जुरीमा २८ हप्तासम्मको गर्भ पनि पतन गराउन पाइने व्यवस्था उक्त ऐनले गरेको छ ।

यसबाहेक जबर्जस्ती करणी वा हाडनाता करणीबाट रहन गएको गर्भ, रोग प्रतिरोधात्मक क्षमता उन्मुक्ति गर्ने जीवाणु वा त्यस्तै प्रकृतिको अन्य निको नहुने रोग लागेमा पनि महिलाको मन्जुरीमा २८ हप्तासम्म सुरक्षित गर्भपतन गराउन पाइने व्यवस्था सो ऐनमा छ ।


## बोन्ड पेपर हराएको सूचना

जलेश्वरदेखी जनकपुर जादै गरेको अवस्थामा २०७८ साल फागुन १० गते मेरो निम्न व्यहोराको बोन्ड पेपर हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी चौकी वा ९८१९८५३४४८ मा सम्पर्क गर्नुहोला ।

**नाम : अन्तरिक्ष कुमार राय**

**ठेगाना : कोलुवा बगौया-६, महोत्तरी**

**वी.ले.नं. : २५१३०४७४८**



## आइगलग्गी सँ बचबाक लेल स्थानीय विपद जोखिम न्यूनिकरण समितिके सर्वसाधारणमें अनुरोध

असावधानी के कारण हरेक बर्ष सप्तरी जिला मे आइगलग्गी सँ जान आ माल के क्षति भ रहल छैक । आइगलग्गी सँ असामयीक मृत्यु सेहो भ सकैत अछि, तैं आइगलग्गी के रोकथाम के लेल निम्न उपाय सब अपनाउ आ आइगलग्गी सँ बचु आ बचाऊ ।

- गाम घर मे घुर के कारण बेसी आइगलग्गी होयत छैक, तैं अनावश्यक घुर नै करु, घुर के आइग के नीक जकाँ मिझा क/बुता क सुतु आ घुर सँ आइग नहि लागय तै प्रति सब गोटे सजग आ सतर्क रहु ।
- चुल्हाक आइग नीक सँ मिझाउ/बुताउ, चुल्हा पर खाना बनबैत काल पाईन चुल्हा के लग मे जरुर राखल करु ।
- बौवा बुच्चीके आइग सँ दूर राखु ।
- हवा बसात के समय मे आइग नै पजारु । सकभर भोरे खाना बनाउ आ हवा बसात कम भेलाक बादे खाना बनाउ ।
- बिडी, सिगरेट पी क जथाभावी नै फेंकु ।
- चुल्हाके आइग बारी मे रहल छाउरक ढेरी पर मिझा क/बुता क मात्रै फेकल करु ।
- बच्चा, वृद्ध, अपाङ्ग, गर्भवति आ सुत्केरी महिला सभ आइगक चपेट मे जल्दी पइर सकैत अछि तैं हिनका सबके आइगलग्गी सँ बचयबाक लेल सब गोटे सतर्क रही ।
- जौं कतौ आइगलग्गी भ जाय त खाली हाथ नै जाक कमसेकम बाल्टिन या घैला मे पाइन ल क दौरु आ अविलम्ब आइग मिझाब/बुताब मे एक दोसर के सहयोग करु ।
- जौं कतौ आइगलग्गी भ जाय त बारुणयन्त्र के तुरन्त खबर करु ।
- भोर के ९ बजे तक खाना पकाक चुल्हा के आइगकै नीक जकाँ मिझाउ/बुताउ ।
- खाना पकाब काल खर पातके प्रयोग केला पर आइगलग्गी भ सकैय तै के लेल पूरे सावधानी अपनाउ आ चुल्हाके नजदिक मे एक गोटे अनिवार्य रहल करी ।
- दुपहरके समयमे हावा बेसी चलैके कारण भोर ९ बजे के बाद चुल्हा नै पजारु ।
- घरके नजदिक मे थ्रेसर सञ्चालन नै क के घरसँ दूर या खेतमे सञ्चालन करु ।
- सलाई, लाइटर, मट्टितेल लगायतके अन्य पेट्रोलियम पदार्थ बालबच्चा के पहुँच सँ दूर राखल जाउ ।
- घरमे एक बाल्टीन पाइन २४से घण्टा राखल करी
- गोहालीमे घुर पजारैतकाल सावधानी अपनाउ ।
- घरके कोनो सहज ठाममे २/४ बोरा बालु राखु जैस कहिँ कतौ आइगलग्गी भेला पर मिझाब मे/बुताब मे सहयोग हेतै ।
- घर आ गोहालीमे लगायल टाट के नीक जकाँ माइट सँ दुनु दिस लेवा लगाउ ।
- आइग सँ हुअ बाला जोखिम आ धनजनके क्षति के बारेमे परिवारके सदस्य सबके जानकारी कराक सजग आ सतर्कता अपनाउ ।
- गाम घरमे बारुणयन्त्र आब बाला रस्ता बाट खुल्ला राखु आ बारुणयन्त्रके पोखइर सँ पाइन भर मे आ आइगलग्गी नियन्त्रण करबा मे सहयोग करी
- गामके पोखइरमे पाइन सञ्चित क के राखु ।
- कहीं कतौ आइगलग्गी भेला पर नजदिकके प्रहरी चौकी या जिल्ला प्रहरी कार्यालयके कन्ट्रोलके नम्बर ९८५२८९०२७० या १०० नम्बरमे जानकारी कराउ ।
- ककरो जान या सम्पत्तिमे आइग लगेनाई अपराध छियै तैं एहेन काममे सहभागी नै होउ ।

**अनुरोधकर्ता**

**विष्णुपुर गाउँपालिका, सप्तरी**

# पत्रकार महासंघ ६७ औं वर्षमा प्रवेश

काठमाडौं, १६ चैत (रासस)।

नेपाली पत्रकारको साझा संस्था नेपाल पत्रकार महासङ्घ स्थापनाको ६७औँ वर्षमा प्रवेश गरेको छ। पत्रकारको हकहितका निम्ति स्थापित महासङ्घ नागरिक अधिकार, लोकतन्त्र, प्रेस स्वतन्त्रता र पत्रकारका हकहित तथा पेसागत मुद्धाका लागि अविछिन्न रूपमा लड्दै आएको छ।

६७औं वर्षमा प्रवेश गर्दैगर्दा महासङ्घले तीन तहमा बन्दै गएका कानुनका कतिपय व्यवस्थामा असहमति जनाउँदा त्यसलाई सच्चाउनेतर्फ भन्दा तिनलाई उपेक्षा गर्ने चरित्र राज्यले देखाएको जिकिर गर्दै आएको छ। नेपाली प्रेसलाई स्वतन्त्र र मर्यादित बनाउने सन्दर्भमा पत्रकार महासङ्घ गम्भीर रहेको तथा त्यसका लागि आवश्यक कानुन बनाउने सन्दर्भमा सकारात्मक रहेको जनाउँदै अध्यक्ष विपुल पोखरेलले नियन्त्रणकारी मनसायका साथ कानुन बनाउने खोजिए महासङ्घले सशक्त प्रतिवाद गर्ने बताउनुभयो।

उहाँले पुनः महासङ्घसहित सरोकार पक्षसँग पर्याप्त छलफल र सहमतिमा प्रेस स्वतन्त्रताको पूर्ण ग्यारेण्टी गर्ने गरी सञ्चारसम्बन्धी कानुन निर्माण गर्न आग्रह गर्नुभयो। महासङ्घले अगाडि सार्दै आएका श्रमजीवी पत्रकार ऐनको पूर्ण कार्यान्वयन, साना लागानीका स्वरोजगारमूलक र गैरनाफामूलक सञ्चारमाध्यमको प्रवर्द्धन, पत्रकारको दक्षता अभिवृद्धिका लागि केन्द्र र प्रदेशस्तरमा आमसञ्चार प्रशिक्षण प्रतिष्ठानको स्थापना, सार्वजनिक सेवा प्रसारक संस्थाको स्थापना र आमसञ्चार प्राधिकरणजस्ता निकायको स्थापना गर्नुपर्ने माग गर्दै आएको छ।

अध्यक्ष पोखरेलले दिवसका अवसरमा देशैभर र विश्वका विभिन्न स्थानमा छरिएर रहेका महासङ्घका सदस्यसहित आम नेपाली सञ्चारकर्मी र प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताका पक्षधरमा बधाई तथा शुभकामना व्यक्त गर्दै प्रेस काउन्सिलको पुनःसंरचना, समानुपातिक विज्ञापनको कार्यान्वयन र श्रमजीवी पत्रकार कल्याण कोषमा विज्ञापनको १० प्रतिशत रकम राख्नुपर्ने कानुनी व्यवस्थाको कार्यान्वयन गर्न आग्रह गर्नुभयो।

महासङ्घले पत्रकारका लागि दुर्घटना तथा स्वास्थ्य बीमा, निशुल्क उपचारको प्रबन्ध, ज्येष्ठ तथा अशक्त पत्रकारलाई जीवन निर्वाह भत्ता वितरणको व्यवस्था एवं आमसञ्चार विकास कोषको स्थापनालगायतका माग पूरा गर्न सरकारसहित सम्बन्धित निकायमा ध्यानाकर्षणसमेत गराउँदै आएको छ।

शुभकामना सन्देशमा भनिएको छ, "२०७७ चैतमा २६औँ महाधिवेशनबाट निर्वाचित केन्द्रीय कार्यसमितिले हाम्रा मुद्धालाई प्राथमिकताका साथ उठाउने छ, प्रेस स्वतन्त्रता, श्रमजीवीको सवाललाई केन्द्रविन्दुमा राखेर नै यो कार्यसमितिले आफ्ना रणनीति निर्माण गर्ने छ, यो हाम्रो साझा प्रतिबद्धता हो, महासङ्घको स्थापना दिवसका अवसरमा सबैमा हार्दिक शुभकामना व्यक्त गर्दै हाम्रो दायित्व र समाजले अपेक्षा गरेको भूमिका निर्वाह गर्न सबैमा अपिल गर्दछु।"

दिवसको अवसरमा बुधबार महासङ्घले प्रभातफेरी, फुटसल प्रतियोगिता, सञ्चारका विविध विषयमा विज्ञसहितको अन्तर्क्रिया, रक्तदान, स्वास्थ्य शिविर जस्ता रचनात्मक कार्यक्रमको आयोजनासमेत गरको छ।

# राजनीतिक दललाई आयोगद्वारा १७ बुँदे निर्देशन

काठमाडौं, १६ चैत (रासस)।

निर्वाचन आयोगले आगामी बैशाख ३० गते शुक्रबार हुने स्थानीय तह निर्वाचनमा भाग लिन दर्ता भएका राजनीतिक दलहरूलाई १७ बुँदे निर्देशन दिएको छ।

नेपालको संविधान, राजनीतिक दलसम्बन्धी ऐन, स्थानीय तह निर्वाचन ऐन, निर्वाचन आयोगको तेस्रो पञ्चवर्षीय रणनीतिक योजना र निर्वाचन व्यवस्थापनमा लैङ्गिक तथा समावेशी नीति, २०७७ मा व्यवस्थाअनुरूप आयोगले उक्त निर्देशन दिएको हो। स्थानीय तह निर्वाचन, २०७९ को व्यवस्थापन र सञ्चालनलाई लैङ्गिक तथा समावेशी बनाइ महिला तथा समावेशी समूहका व्यक्तिहरूलाई निर्वाचन प्रक्रियामा बढीभन्दा बढी सहभागिता र प्रतिनिधित्व गराउने सम्बन्धमा आआफ्नो तर्फबाट गर्न गराउन दललाई आयोगले भनेको छ।

नेपालको संविधानको धारा ३८ को उपधारा (४) तथा धारा ४२ को उपधारा (१) मा भएको व्यवस्था र नेपालको संविधानको धारा ४७ को मौलिक हकको कार्यान्वयनसम्बन्धी व्यवस्था समेतलाई स्मरण गरी स्थानीय तहमा लैङ्गिक तथा समावेशी प्रतिनिधित्व सुनिश्चित हुने गरी उम्मेदवार मनोनयनको व्यवस्था गर्न निर्देशनमा भनिएको छ।

राजनीतिक दलले निर्वाचनसँग सम्बन्धित क्रियाकलाप सञ्चालन गर्दा नेपालको संविधानप्रति निष्ठावान रही विभिन्न जातजाति, सम्प्रदाय, लिङ्ग, धर्म, भाषा, क्षेत्र र संस्कृतिको सम्मान गर्दै आपसी सुसम्बन्धमा खलल पार्ने कुनै गतिविधि हुन नदिने सुझाव दिइएको छ।

आयोगले दलमा तोकिनुभएका लैङ्गिक सम्पर्क व्यक्तिहरूलाई परिचालन गरी निर्वाचन व्यवस्थापनमा लैङ्गिक तथा समावेशी नीति, २०७७ को कार्यान्वयनमा सहयोग गर्न भनेको छ। निर्वाचनमा प्रयोग हुने मतदानस्थल, मतदान केन्द्र, मतगणनास्थललाई लैङ्गिक तथा

*बाँकी अन्तिम पृष्ठमा*


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

**अनुरोधकर्ता**
**राजगढ गाउँपालिका, सप्तरी**



**डा. आदर्श कुमार सिंह**
**Dr. Adarsh Kumar Singh**

MBBS, MD TU
NMC Reg. No. : 9413
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), मुटु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग

**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**
वरिष्ठ नवजात शिशु तथा बालरोग

**सम्पर्क : जयश्री कृष्ण फार्मेशी**
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
**Phone :** 031-533774 / **Mo. No** : 9819721526, 9852820734


## विश्व समाचार

### भारतमा ढलको लाइनमा फसेर चार जनाको मृत्यु

नयाँदिल्ली, १६ चैत, (रासस-सिन्ह्वा)।

भारतको दिल्लीमा ढलको लाइनमा खसेर चार जनाको मृत्यु भएको दिल्ली फायर सर्भिसका वरिष्ठ अधिकारीले बुधबार पुष्टि गरेका छन्। ती श्रमिकहरू पश्चिम दिल्लीको रोहिणी क्षेत्रमा सरकारी स्वामित्वको दूरसञ्चार कम्पनी महानगर टेलिफोन निगम लिमिटेडको टेलिफोन र ब्रोडब्यान्ड केबल बिछ्याउँदै थिए। दुर्घटना मङ्गलबार साँझ भएको थियो भने उद्धार कार्य रातभर जारी रहेको थियो।

### इजरायलमा गोली हानाहानमा मारिएका मध्ये दुई युक्रेनी नागरिक

इजरायल, १६ चैत, (रासस-एएफपी)।

मध्य इजरायली सहर बनी ब्राकमा प्यालेस्टाइनी बन्दुकधारीले मारेका पाँचमध्ये दुई जना युक्रेनी नागरिक भएको इजरायली प्रहरीले बुधबार जनाएको छ। मङ्गलबारको आक्रमणका पीडितमध्ये युक्रेनका २३ र ३२ वर्षीय युक्रेनी नागरिक रहेको प्रहरीले जनाएको छ।

### भारत नियन्त्रित कश्मीरमा दुई लडाकू मारिए

श्रीनगर, (भारत), १६ चैत, (रासस-सिन्ह्वा)।

भारत नियन्त्रित काश्मिरमा प्रहरीले बुधबार यस क्षेत्रमा भएको गोली हानाहानमा दुई आतङ्ककारीको मृत्यु भएको जनाएको छ। भारत नियन्त्रित कश्मीरको ग्रीष्मकालीन राजधानी श्रीनगर सहरको रैनावरी क्षेत्रमा गोली हानाहान भएको हो। "बुधबार बिहान सहरको रैनावरी क्षेत्रमा आतङ्कारी र प्रहरी र अर्धसैनिकको संयुक्त टोलीबीच गोली हानाहान भएको थियो। विद्रोहीको उपस्थिति रहेको सूचना दिने विशेष गुप्तचर सूचनाका आधारमा सरकारी सेनाको टोलीले सो क्षेत्रलाई घेरा हालेको थियो। झडपमा सरकारी सेनालाई कुनै क्षति नभएको प्रहरीले जनाएको छ। मारिएका लडाकु स्थानीय कार्यकर्ताको रूपमा चिनिएका छन्। कश्मीर भारत र पाकिस्तानबीच विभाजित हिमालय क्षेत्र, दुबैले पूर्ण रूपमा दाबी गर्दै आएका छन्। बेलायतबाट स्वतन्त्र भएदेखि विशेष गरी कश्मीरमा दुई देशले तीनवटा युद्ध लडेका छन्।

### ४० लाखभन्दा बढी युक्रेनीले देश छाडेः राष्ट्रसङ्घ

जेनेभा, १६ चैत, (रासस-एएफपी)।

रुसको युद्धबाट बच्न ४० लाखभन्दा बढी युक्रेनी अहिले देश छोडेर भागेको संयुक्त राष्ट्रसङ्घको तथ्याङ्कले बुधबार देखाएको छ। युनएचसिआर संयुक्त राष्ट्रसङ्घ शरणार्थी एजेन्सीले बताएको जनाएअनुसार ४, ०१९, २८७ युक्रेनीहरू गत फेब्रुअरी २४ को आक्रमणपछि देशको सिमाना पार गरी भागेका थिए। तीमध्ये २३ लाखभन्दा बढी पश्चिमबाट पोल्याण्ड गएका थिए।

### युक्रेनको क्षेत्रीय प्रशासनिक भवनमा भएको आक्रमणमा १२ को मृत्यु, ३३ घाइते

किभ, १६ चैत (रासस/सिन्ह्वा)।

युक्रेनको क्षेत्रीय प्रशासनिक भवनमा भएको आक्रमणमा परी कम्तीमा १२ जनाको मृत्यु भएको छ। रुसको सुरक्षा फौजले गरेको सो हवाई आक्रमणमा परी अरु ३३ जना घाइते भएको अधिकारीहरूले जनाएका छन्। युक्रेनको दक्षिणपूर्वी क्षेत्रमा पर्ने माइकोलायीभ सहरमा घटना भएको युक्रेनको आन्तरिक मामिला मन्त्रालयले मङ्गलबार जनाएको छ। स्थानीय समय अनुसार बिहान ८.४५ मा हवाई आक्रमण भएको स्थानीय बासिन्दाले जानकारी दिएका छन्। आक्रमणका कारण झण्डै नौ भवनमा क्षति पुगेको पनि अधिकारीहरूले जनाएका छन्। घटनास्थलबाट १८ जनालाई उद्धार गरिएको मन्त्रालयले जनाएको छ। घटनास्थलमा खोजी तथा उद्धार कार्य पनि जारी रहेको अधिकारीहरूले जनाएका छन्।

### नेदरल्याण्डद्वारा १७ रुसी कूटनीतिज्ञलाई देश छोड्न निर्देशन

द हेग, १६ चैत (रासस/सिन्ह्वा)।

नेदरल्याण्डले आफ्नो देशमा रहेका १७ रुसी कूटनीतिज्ञहरूलाई देश छाड्न निर्देशन दिएको छ। नेदरल्याण्डमा बसेर उनीहरूले कूटनीतिक मर्यादा र जिम्मेवारी विपरीत कार्य गरेको भन्दै उनीहरूलाई स्वदेश नै फिर्ता हुन निर्देशन दिइएको हो। नेदरल्याण्डको विदेश मामिला मन्त्रालयले राष्ट्रिय सुरक्षाका कारणले उनीहरूलाई निष्कासित गर्नुपरेको जानकारी दिएको छ।

# राजविराज द किंग्स बन्यो मेयर कप सप्तरी प्रिमियर लिग चौथो संस्करणको बिजेता




**दैनिक समाचारदाता**
**राजविराज, १६ चैत ।**

राजविराज द किंग्सले जिल्ला कै सर्वाधिक पुरस्कार राशी भएको मेयरकप सप्तरी प्रिमियर लिग क्रिकेट प्रतियोगिताको चौथो संस्करणको उपाधी हात पारेको छ।

राजविराजस्थित राजरंगशालामा बुधबार सम्पन्न फाइनल खेलमा किंग्सले तिलाठी कोइलाडी जायन्टसलाई २९ रनले पराजित गर्दै सो उपाधीमाथी हात पारेको हो।

पहिलो पटककै सहभागितामा उपाधी जितेको किंग्सले ट्रफीसहित ३ लाख रुपैया नगद पुरस्कार हात पारेको छ। उपविजेता बनेका जायन्टसले ट्रफि सहित नगद १ लाख ५० हजारमा चित्त बुझाए।

टस जितेर ब्याटिंग रोजेको राजविराज किंग्सले निर्धारित २० ओभरको खेलमा १९ दशमलव १ ओभरमा सम्पूर्ण विकेट गुमाउँदै १ सय ३९ रन जोडेको थियो। किंग्सका लागि सन्तोष कार्कीले सर्वाधिक ८२ र रुपेश सिंहले १४ रनको योगदान गरे।

बलिङतर्फ तिलाठी कोइलाडी जायन्टसका लागि अभिशेक कार्कीले ४ तथा जितेन्द्रकुमार यादव र योगेन्द्रसिंह कार्कीले समान २/२ विकेट लिएका थिए। किंग्सका २ खेलाडी भने रनआउट भएका थिए।

एक सय ३९ रनको बिजयी लक्ष्य लिएर मैदानमा उत्रेको तिलाठी कोइलाडी जायन्ट् १७ दशमलव ४ ओभरमै सम्पूर्ण विकेट गुमाई १ सय ९ रन मात्र जोड्न सफल भयो। तिलाठीका लागि भुवन कार्कीले ३२ तथा सुनिल धमलाले ३० रन बाहेक अन्य कुनै ब्याट्सम्यान दोहोरो अंकमा प्रवेश गर्न सकेनन्। बलिङतर्फ राजविराज किंग्सका अनिल यादव र नन्दन यादवले ३/३, फिरोज अन्सारी २ तथा रुपेश सिंहले १ विकेट लिएका थिए। उक्त फाइनल खेलको म्यान अफ दि म्याच बिजेता टिमका सन्तोष कार्की घोषित भए।

यस्तै प्रतियोगिताकै उत्कृष्ट खेलाडी तिलाठी कोइलाडी जायन्ट्सका सुनिल धमलाघोषित भए। उनले २५ हजार रुपैयाँ प्राप्त गरे। उत्कृष्ट ब्याट्सम्यान राजविराज द किंग्सका सन्तोष कार्की, उत्कृष्ट बलर राजविराज द किंग्सका रुपेश कुमार सिंह, उत्कृष्ट बलर र ब्याट्सम्यानले जनही १५ हजार रुपैयाँ प्राप्त गरे। यस्तै उदयमान खेलाडी तिलाठी कोइलाडीका अभिषेक कार्की घोषित भए उनले १५ हजार रुपैयाँ बराबरको क्रिकेट सामग्री प्राप्त गरे।

विजेता खेलाडीहरुलाई राजविराज नगरपालिकाका प्रमुख शम्भु प्रशाद यादव तथा नेपाल क्रिकेट संघका कोषाध्यक्ष रोशनकुमार सिंहले पुरस्कार प्रदान गरे।

राजविराज नगरपालिकाको सहयोग तथा क्रिकेट संघ सप्तरीको आयोजनामा संचालित प्रतियोगिताको समाप्ती पछि संघका अध्यक्ष आयुष श्रेष्ठको अध्यक्षतामा आयोजित पुरस्कार वितरण समाहरोमा प्रमुख अतिथि राजविराज नगरपालिकाका प्रमुख शम्भुप्रसाद यादव, उपप्रमुख साधना झा, तिलाठी कोइलाडी गाउँपालिकाका अध्यक्ष सतिश सिंह, क्रिकेट संघका कोषाध्यक्ष रोशन सिंह, सल्लाहकार नरेश श्रेष्ठ लगायतले विजयी खेलाडीहरुलाई पुरस्कार वितरण गरे।

***राजनीतिक दललाई ...***

अपाङ्गमैत्री बनाउन आवश्यक सहयोग गर्न पनि सल्लाह दिइएको छ। आयोगले राजनीतिक दलको घोषणापत्रलगायत दस्तावेजमा लैङ्गिक तथा समावेशीसम्बन्धी व्यवस्थालाई उचित सम्बोधन गर्ने तथा स्थानीय तहको प्रमुख र उपप्रमुख वा अध्यक्ष र उपाध्यक्षको पदमध्ये कुनै एक पदमा मात्र उम्मेदवारी दिने राजनीतिक दलले महिलाको मनोनयनको व्यवस्था गर्न पनि आयोगले भनेको छ।

आयोगले विसं २०७४ मा १७५ दलित महिला वडा सदस्य पदमा उम्मेदवारी नै नपरेको कारणबाट उक्त पद रिक्त भएको विषयलाई गम्भीरतापूर्वक लिई प्रचलित कानुन बमोजिम सम्पूर्ण वडामा दलित महिलाको उम्मेदवारी हुने व्यवस्थाका लागि आवश्यक पहल गर्न सुझाव दिएको छ। महिला, दलित वा अल्पसङ्ख्यक समुदायको लागि आरक्षण गरिएका पदबाहेकका पदमा उम्मेदवार मनोनयन गर्दा कम्तीमा एक तिहाइ महिला र नेपालको सामाजिक विविधता प्रतिबिम्बित हुने गरी समानुपातिक समावेशी सिद्धान्तका आधारमा उम्मेदवार मनोनयन गर्ने व्यवस्थाका लागि निर्देशन दिइएको छ।

आयोगले राजनीतिक दलले आफ्ना सदस्यलाई लैङ्गिक तथा समावेशीताका सवालमा संवेदनशील बनाउन आवश्यक सहजीकरण तथा प्रशिक्षणको व्यवस्था गर्न भनेको छ। राजनीतिक दलबाट सञ्चालन गरिने प्रशिक्षण, गोष्ठी, तालिम, सेमिनार, छलफल तथा अन्तरक्रिया आदि कार्यक्रममा महिला, समावेशी समूह तथा लक्षित वर्गको सहभागितालाई सुनिश्चित गर्ने सुझाव दिइएको छ।

आयोगले राजनीतिक दलबाट तयार गरिने तालिम तथा प्रशिक्षणका पाठ्यक्रम, पाठ्य सामग्री, निर्वाचनसम्बन्धी स्रोत सामग्री तयार गर्दा तथा कार्यक्रमस्थल छनोट गर्दा लैङ्गिक तथा अपाङ्गमैत्री र समावेशी बनाउन भनेको छ। राजनीतिक दलहरूबाट सञ्चालन गरिने कुनै प्रकारको कार्यक्रममा महिला, समावेशी समूह तथा लक्षित वर्ग, क्षेत्र र समुदायको सहभागिता र प्रतिनिधित्वका लागि लक्षित कार्यक्रम सञ्चालन गर्न आयोगले निर्देशन दिएको छ। आयोगले गम्भीर प्रकृतिका अशक्त, दीर्घ रोगी, अपाङ्गता भएका व्यक्ति, गर्भवति तथा सुत्केरी महिला तथा ज्येष्ठ नागरिक मतदातालाई मतदानको दिन मतदान केन्द्रसम्मको पहुँच र मतदान गर्ने कार्यलाई सहज तुल्याउन मतदान अधिकृतको स्वीकृति लिई आवश्यक सहजीकरण र सहयोग गर्ने व्यवस्था मिलाउन आयोगको निर्देशनमा भनिएको छ।

निर्वाचन प्रचारप्रसार गर्दा महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति एवं समावेशी समूहका उम्मेदवारलाई प्रत्यक्ष वा अप्रत्यक्ष धम्की दिने, व्यक्तिगत लाञ्छना लगाउने, गालीगलौज गर्ने, हतोत्साहित गर्ने, चरित्र हत्याका प्रयास गर्ने एवम् कमजोरी देखाउनेजस्ता विभेदजन्य कार्य हुन नदिन सम्पूर्ण सतर्कता अपनाउने राजनीतिक दललाई आयोगले निर्देशन दिएको छ।

ज्येष्ठ नागरिक, महिला, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक तथा अपाङ्गता भएका व्यक्तिहरूको भावना, इज्जत, चरित्र तथा प्रतिष्ठामा आँच आउन सक्ने तथा आत्मसम्मानमा चोट पुग्ने प्रकारले कुनै किसिमको प्रचारप्रसार नहुने कुराको सुनिश्चितता प्रदान गर्न आयोगले भनेको छ। आयोगले राजनीतिक दलले प्रयोग गर्ने सामाजिक सञ्जालमा प्रयोग हुने भाषा महिला तथा समावेशी समूहका व्यक्तिको भावनामा नकारात्मक असर पर्ने गरी गलत, भ्रामक वा द्वेषपूर्ण सूचना प्रवाह नहुने कुराको सुनिश्चितता गर्न सल्लाह दिएको छ।

राजनीतिक दलहरूबाट निर्वाचनको प्रचारप्रसार गर्दा निर्वाचनमा लैङ्गिक तथा समावेशिता, निर्वाचनको महत्व र मतदान गर्ने तरिकालगायत विषयमा मतदातालाई सुसूचित गर्ने गरी आवश्यक व्यवस्था मिलाउन पनि आयोगले दललाई निर्देशन दिएको छ। प्रवक्ता शालिग्राम शर्माद्वारा जारी विज्ञप्तिमा भनिएको छ, "स्थानीय तह निर्वाचन, २०७९ को सञ्चालन तथा व्यवस्थापनमा लैङ्गिक तथा समावेशीताको प्रवर्द्धनमा योगदान पुग्ने आयोगले अपेक्षा गरेकोछ।"


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- बिहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा बिहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

**अनुरोधकर्ता**
**तिलाठी कोइलाडी गाउँपालिका, सप्तरी**



## ट्राफिक नियमको पालना गरौं।

- बाटो काट्दा जेब्रा क्रसिंगको प्रयोग गरौं।
- सडक बत्ति हेरेर मात्र बाटो काटौं।
- सडक तथा सडक किनारामा सवारी साधन जथाभावी पार्किङ्ग नगरौं।
- तोकिएको स्थानमा मात्र सवारी साधन पार्किङ्ग गरौं।
- पैदलयात्रीले फुटपाथ तथा आकासे पुलको प्रयोग गरौं।

सडक दुर्घटनाबाट आफू पनि बचौं, अरुलाई पनि बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।

हाम्रो सेवाहरु

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit
City Express Money Transfer
Best Remit
Prabhu Money Transfer
IME International Money Express
himal remit हिमालरेमिट
CG Money


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*